# समुदायमा सरकारी वकील र कानूनी सचेतना कार्यक्रम

## प्रतिवेदन

१. कार्यक्रमः- समुदायमा सरकारी वकील र कानूनी सचेतना कार्यक्रम ।

२. कार्यक्रम संचालन स्थानः- जिल्ला वार ~~एसोसियसन~~ एकाई, सुनसरी ।

३. मितिः- २०८१/०२/२५

४. कार्यक्रम अवधीः- ३ घण्टा (विहान ११:०० देखि ०२:००)

५. सहभागी संख्याः- ४८ (महिला ९ पुरुष ३९ अन्य x)

६. कार्यक्रमको उद्देश्यः-

क. सरकारी वकीललाई समुदायमा परिचित गराई सरकारवादी भई चल्ने मुद्दा सम्वन्धी काम कारवाहीमा समुदायको सहयोग प्राप्त गर्ने वातावरण तयार गर्ने ।

ख. सरकारी वकील कार्यालयको संगठनात्मक संरचना र सरकारी वकीलले सम्पादन गर्ने काम कारवाहीको बारेमा समुदायलाई जानकारी गराउने ।

ग. अपराधको सूचना दिने लगायत अपराध पीडितको सहायता र संरक्षण विषयमा समुदायलाई जानकारी गराई सहयोग लिने वातावरण निर्माण गर्ने ।

घ. सरकावादी मुद्दाको अनुसन्धान, अभियोजन, साक्षी प्रमाणको प्रकृयाहरुमा समुदायलाई जानकारी गराई समुदायबाट सहयोग प्राप्त हुने वातावरण निर्माण गर्ने ।

७. सहकार्य भएको निकाय/संस्थाः- श्री जिल्ला वार एसोसियसन, सुनसरी तथा अधिवक्ताहरु।

८. प्रस्तुत भएका विषयहरु र प्रस्तुतकर्ताः- प्रकरण ६ मा उल्लेखित उद्देश्यका विषयमा प्रकाश पार्दै विस्तृत रुपमा समुदायमा सरकारी वकील र कानूनी सचेतना विषयक कार्यपत्र प्रस्तुत गर्दै बैंकिङ कसूर, चेक वाउन्स, चेक अनादर, ठगी जस्ता मुद्दाहरुमा मुलुकी अपराध संहिता र अन्य प्रचलित ऐन, कानूनमा भएका व्यवस्थाहरुको बारेमा जिल्ला सरकारी वकील कार्यालय सुनसरीका सहायक जिल्ला न्यायाधिवक्ता श्री कृष्णप्रसाद रिमालले विस्तृत रुपमा कार्यपत्र बारेमा प्रकाश पार्नु भयो भने सरकारवादी मुद्दामा अभियोजन विषयमा जिल्ला न्यायाधिवक्ता श्री टेकनाथ अधिकारीले विस्तृत रुपमा कार्यपत्र बारेमा प्रकाश पार्नु भयो ।उक्त कार्यक्रमको अध्यक्षता जिल्ला न्यायाधिवक्ता श्री टेकनाथ अधिकारीले गर्नु भएको, प्रमूख अतिथिको रुपमा सुनसरी जिल्ला अदालतमा माननीय जिल्ला न्यायाधीश श्री मुकेश उपाध्याय रहनुभएको र कार्यक्रम संचालन जिल्ला सरकारी वकील कार्यालय, सुनसरीका ना.सु. श्री टंकप्रसाद पौडेलले गर्नुभएको थियो ।

९. छलफलमा उठेका मुख्य-मुख्य विषयहरुः

क. बैंकिङ कसूरको कानूनी व्यवस्था वारे ।

ख. समाजमा बढ्दो चेक वाउन्स, ठगी जस्ता मुद्दाको अनुसन्धान र रोकथामका प्रयास न्यूनिकरणका उपायका वारेमा ।

ग. अभियोग दावी लिने विषयमा ।

घ. प्रतिवादीको अनुसन्धानको वयान सम्वन्धमा जिज्ञासा ।

ङ. वालबालिकालाई हुने सजायको विषयमा जिज्ञासा ।

च. साक्षी संरक्षण विषयमा जिज्ञासा ।

छ. अभियोग पत्रको ढाँचाको विषयमा जिज्ञासा ।

ज. अभियोजनमा सरकारी वकिलको भुमिका विषयमा जिज्ञासा ।

१०. प्रकरण ९ मा उठेका उल्लेखित जिज्ञासाहरुको विषयमा यस कार्यालयका जिल्ला न्यायाधिवक्ता श्री टेकनाथ अधिकारी र सहायक जिल्ला न्यायाधिवक्ता कृष्ण प्रसाद रिमालले थप प्रष्ट पार्नु भएको थियो ।

११. मुख्य उपलब्धीहरुः-

क. कार्यक्रममा सहभागीहरुले उत्साहसाथ समय अवधी भरी भाग लिएको।

ख. समुदायले आफुले अपराध न्यूनिकरणमा खेल्नु पर्ने भुमिकाका विषयमा स्पष्ट जानकारी पाएको

ग. महिला/बालबालिका/अपांगको कानूनले व्यवस्था गरेका पक्षहरुको बारेमा जानकारी पाउदा खुसी व्यक्त ।

घ. हेलो साक्षी कार्यक्रम र आर्थिक सुविधाले अपराध नियन्त्रणमा परेको न्युनिकरण प्रभाव बारे समुदायमा खुसी व्यक्त ।

ङ. कानूनी राज्यको अवधारणालाई साकार पार्न समाजमा अपराध न्युनिकरण गर्न समुदायमा सरकारी वकील र प्रहरीलाई सहयोग गर्न उत्सुक ।

च. वैंकिङ कसूर तथा अभियोजन सम्वन्धी विषयमा विस्तृत रुपमा जानकारी पाएको ।

१२. सहभागीको सुझावः-

क. यस्ता कार्यक्रमहरु जिल्लाका दुरदराजसम्म प्रभावकारी ढंगवाट लैजान र सवै विद्यालयस्तरमा र समुदायस्तरमा यसै प्रकृतिका कानूनका सचेतना कार्यक्रमहरु संचालन गर्नुपर्ने र समुदायलाई कानूनी चेतनाको वारेमा विकास गरी अपराध न्यूनिकरणमा सहयोग गर्नुपर्ने साथै फेरी पनि यस्तै कार्यक्रम लिएर आउनुहोला भन्ने सल्लाह ।

१३. आयोजकको अनुभव/समस्या/चुनौतीः-

क. पर्याप्त समयको अभाव, आर्थिक स्रोतको अभाव ।

ख. कार्यालयमा कामको चाप अत्यधिक रहेकोले जनशक्ति समेतको अभाव ।

१४. आगामी कार्यक्रमका लागि सुझावः-

क. प्रकरण १२ मा उल्लेखित साधन स्रोत/जनशक्तिलाई पर्याप्त वनाउने ।

२०७५/२/२८

प्रतिवेदक

कृष्णप्रसाद रिमाल

सहयक जिल्ला न्यायाधिवक्ता

जिल्ला सरकारी वकील कार्यालय, सुनसरी